
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २०६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन २३ गते मंगलबार ❑ 8 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## 'प्रोजेक्ट बैंक' बनाएर स्थानीय तह, प्रदेश र संघले गर्ने योजना छुट्याऔँ : मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, २२ साउन

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले 'प्रोजेक्ट बैंक' बनाएर स्थानीय तह, प्रदेश र संघले गर्ने योजना छुट्याउनुपर्ने बताएका छन् ।

'हाम्रो योजना छनौट प्रक्रियालाई अझै वैज्ञानीक बनाउनुपर्नेछ' उनले भने 'आगामी वर्षदेखि प्रदेश सरकारले योजना बैंक मार्फत स्थानीय तहबाट योजना संकलन गरी प्राथमिकताका आधारमा बजेट बिनियोजन गर्नेछ ।' प्रदेश नीति तथा योजना आयोगको अगुवाईमा प्रदेश भित्रका ८५ वटै पालिकाबाट योजना प्राथमिकीकरण गरी छनौट गर्ने काम चालु वर्षदेखि नै सुरु हुने उनले बताए ।




प्रदेश विकास समस्या समाधान समितिको सातौँ बैठकमा उनले भने 'बजेट बिनियोजन गर्दा सिलिङ तोकेर बिनियोजन गर्ने ब्यवस्था हुनुपर्छ, कति सम्मको बजेट स्थानीय तहले, कति प्रदेश र कति संघले गर्ने भन्ने तोक्नुपर्छ ।' विनियोजित बजेट भन्दा धेरैको काम गराउने प्रवृत्ति रोक्न उनले मातहतका मन्त्रालय, स्थानीय तहलाई निर्देशन दिए । '१० लाख बजेट छुट्याएको ठाउँमा एक करोड सम्मको काम गराउने प्रचलन रहेछ' उनले भने 'बिनियोजित बजेट भन्दा धेरै काम गराएमा सो को भुक्तानी प्रदेश सरकारले गर्दैन ।' आर्थिक वर्षको अन्त्यमा रकमान्तर गर्ने प्रवृत्ति गलत भएको उनले बताए । कुनै योजनामा थोरै रकम थप गर्दा सम्पन्न हुने अवस्था आएमा त्यस्ता योजना संम्बन्धित मन्त्रालयबाट पूर्व स्विकृत गराएर मात्रै संचालन गर्न सकिने मुख्यमन्त्री पाण्डेले बताए। प्रदेशका योजनामा स्थानीय तहको भूमिका नभएको जनप्रतिनिधिको गुनासोपछि मुख्यमन्त्री पाण्डेले भने 'प्रदेशबाट संचालित योजनामा संम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समिति र प्रदेशको पनि अनुगमन गर्ने जिम्मेवारी दिईनेछ।' प्रदेश सरकारले कुन-कुन योजना पहिचान गरी बजेट बिनियोजन गरेको छ सो को जानकारी ८५ वटै स्थानीय तहमा पठाउन प्रदेश मातहतका मन्त्रालयले मुख्यमन्त्री पाण्डेले निर्देशन दिए ।

स्थानीय तह, प्रदेश सरकारको आ-आफ्नै समस्या रहेको बताउँदै मुख्यमन्त्री पाण्डेले भने 'स्थानीय तह र प्रदेश, प्रदेश र संघ बिच के कस्ता समस्या छन् समाधान गर्ने गरी हामी सहकार्य गरौँ ।' प्रदेश नीति तथा योजना आयोगको आयोजनामा प्रदेश विकास समस्या समाधान समितिको बैठक र आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रगति समिक्षा सोमवार भएको थियो ।

बैठकमा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष कृष्णचन्द्र देवकोटाले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रममा गण्डकी प्रदेशका सबै मन्त्रिहरु, प्रमुख सचिव, सचिवहरु, स्थानीय तहका जनप्रतिनिधिहरु लगायतको सहभागीता थियो ।

## 'आँखा पाक्ने रोगबाट आत्तिनु पर्दैन, सचेत भए पुग्छ'

पोखरापत्र संवाददाता
पोखरा, २२ साउन

मुलुकभर नै केही दिनयता आँखा पाक्ने रोगको प्रकोप तीव्र रूपमा फैलिएको छ ।

'भाइरल इन्फेक्सन'का कारण हुने यो रोग लाग्दैमा आत्तिनु पर्दैन सचेत भए एक हप्तामा नै पूर्णरुपले निको हुने हिमालय आँखा अस्पतालका निर्देशक डा इलिया श्रेष्ठले बताउनुभयो ।

उहाँका अनुसार सबै उमेर समूहमा हुने आँखा पाक्ने रोगका मुख्य लक्षण उज्यालोमा हेर्न अप्ठ्यारो हुनु, विजाउने, आँखा रातो हुनु, आँसु बग्नु, चिप्रा लाग्ने गर्छ । यस्ता लक्षण देखिएमा तुरुन्त आँखा परीक्षण गरेर चिकित्सकको सल्लाहअनुसार औषधि प्रयोग गर्न अपरिहार्य छ।



"आँखा पाकेको बिरामीको आँसुको थोपामा भाइरसको जिवाणु हुन्छ", उहाँले भन्नुभयो, "त्यस्ता बिरामीले प्रयोग गरेका रुमाल, तकिया, मोबाइल, चश्मा, औषधिलगायत विभिन्न सामग्रीबाट रोगको सङ्क्रमण तीव्र रूपमा फैलिने गर्दछ ।" उहाँका अनुसार एकआपसमा आँखा जुदाउँदा र हावाबाट यो रोग सर्दैन ।

सफा चिसो पानीले आँखा सफा गर्ने, साबुन पानीले राम्रोसँग हात धुने र स्यानिटाइजरको प्रयोग गर्दा रोग फैलिनबाट जोगाउन सकिन्छ । 'भाइरल कन्जंक्टिभाइटिस' रोगले आँखाको झिल्लीजस्तो तहमा असर गर्छ । सङ्क्रमण यसको प्रमुख कारण हो । आँखा पाक्ने रोगबाट विशेष गरी बालबालिकामा प्रकोप बढी देखिएको हुँदा आँखामा समस्या देखिएका बालिबालिकालाई विद्यालय नपठाइ घरमा नै आराम गराउन अस्पतालमा आज आयोजित पत्रकार भेटघाट

बाँकी अन्तिम पृष्ठमा ▶▶

## संगठन सुदृढीकरणमा कांग्रेस

पोखरापत्र संवाददाता
पोखरा, २२ साउन

नेपाली कांग्रेस कास्कीले पार्टी सुदृढीकरणको लागि अगाडि सारिएको 'आन्तरिक विशेष अभियान २०६० अन्तर्गत सोमबार कास्की क्षेत्र नम्बर २ को संयुक्त भेला आयोजना गरेको छ । सभापति किशोरदत्त बरालका अनुसार केन्द्रीय प्रतिनिधि अर्जुनप्रसाद जोशी सो कार्यक्रममा सहभागी भएका थिए ।

यस्तै पार्टीले साउन २३ गते हेमजामा कास्की क्षेत्र नम्बर ३, साउन २४ गते पोखरा ३० खुदीमा क्षेत्र नम्बर १ को संयुक्त बैठक र भेला तय गरेको छ । साउन ३० गतेसम्म संचालन हुने अभियान अन्तर्गत नै साउन २५ गते अग्रज नेताहरुसँग भेटघाट,२६ गते नेपाली कांग्रेसको तर्फबाट निर्वाचित जनप्रतिनिधिहरुसँग छलफल,साउन २८ गते महानगरस्तरीय बैठक, साउन २९ गते महाधिवेशन प्रतिनिधिसँग भेटघाट तथा साउन ३० गते शुभेच्छुक संस्थासँगको भेटघाट तय गरिएको कांग्रेस क्षेत्र नम्बर २ का कार्यवाहक सभापति दीनेश आचार्यले जानकारी दिए ।

## नेकपा (एमाले) गण्डकी प्रदेशको पहिलो अधिवेशन असोजमा

पोखरापत्र संवाददाता
पोखरा, २२ साउन

नेकपा (एमाले) गण्डकी प्रदेशको पहिलो अधिवेशन आगामी असोजमा हुने भएको छ ।

सोमबार सम्पन्न प्रदेश कमिटीको पूर्ण बैठकले असोजको १५ र १६ गते पोखरामा सो अधिबेशन गर्ने निर्णय गरेको एमाले गण्डकी प्रदेश कमिटीका उप सचिब




एबम प्रचार तथा प्रकाशन बिभाग प्रमुख रश्मि आचार्यले जानकारी दिए ।

त्यसै गरि बैठकले जनबर्गिय संगठनका अधिबेशन सम्पन्न गर्ने, सदस्यता बिस्तार अभियान तिब्रताका साथ अगाडी बढाउने निर्णय भएको कार्यालय सचिब माधब बास्तोलाले जानकारी दिए । सो बैठकको एमाले महासचिव शंकर पोखेलले उद्घाटन गरेका थिए । कार्यक्रममा महासचिब पोखेल सहित उप महासचिव पृथ्वीसुब्बा गुरुङ, सचिब एबम गण्डकीका इन्चार्ज गोकर्ण बिष्ट , स्थायी कमिटी सदस्य खगराज अधिकारी लगाएतका नेताहरूले एमालेको अब भाबी रणनीति र संगठन मजबुतिकरण अभियानका बारेमा प्रकाश पारेका थिए ।

गण्डकी प्रदेशका ११ वटा जिल्ला कमिटीका रिपोर्टिङ सहित समिक्षा गर्दै बैठक अध्यक्ष नवराज शर्माको अध्यक्षतामा सम्पन्न भएको थियो भने स्वागत मोहन रेग्मी र संचालन सचिब धनन्जय दवाडीले गरेको पार्टी प्रचार तथा प्रकाशन बिभाग सदस्य रामजी प्रसाद लम्सालले जानकारी दिए ।

## महिलालाई ३३ प्रतिशत होइन, समान सहभागिताः अध्यक्ष हमाल

पोखरापत्र संवाददाता
पोखरा, २२ साउन

अखिल नेपाल महिला संघकी केन्द्रीय अध्यक्ष टुकाभद्र हमालले महिलालाई ३३ प्रतिशतमा सीमित नराखी समान सहभागिता गराइनुपर्नेमा जोड दिएकी छन् । महिलाहरूको क्षमता अभिवृद्धि गरी राज्यका हरेक अंगमा समान सहभागिता नै अनेम संघको प्रमुख मुद्धा रहेको उनले बताइन् ।

अनेम संघ, गण्डकीको बैठक समापन र कमिटि सदस्यहरुलाई प्रशिक्षणपछि आयोजित पत्रकार भेटघाटमा बोल्दै उनले नेपालमा ३३ प्रतिशत महिलाको सहभागिता रहने कानुनी व्यवस्था गरिएपनि यो सकारात्मक रहेको तर पूर्ण नरहेको बताइन् ।

'जनसंख्याको आधा हिस्सा महिला छन् । आन्दोलनमा समान सहभागिता छ । त्यसैले ३३ प्रतिशत हैन, समान हुनुपर्छ। उनले भनिन्- 'जनसंख्याको हिसाबले महिलाको संख्या ५० प्रतिशतभन्दा बढी भएको हुनाले हरेक क्षेत्रमा महिलाको प्रतिनिधित्व ५० प्रतिशतलाई अनिवार्य गरिनुपर्छ । अहिले




गरिएको व्यवस्थालाई नफेर्ने हो भने महिला सहभागिता ३३ प्रतिशतमा सीमित रहनेछ । महिलाले आधा सत्ता चलाउने व्यवस्था गर्नुपर्छ ।'

उनले थपिन् - 'महिलाका सन्दर्भमा आरक्षणको मात्र कुरा होइन, बराबरी प्रतिनिधित्वको कुरा हो । ३३ प्रतिशत सहभागितामा पनि नेतृत्वमा महिलालाई स्विकारिरहेको अवस्था छैन । अब महिलाहरुले क्षमता अभिवृद्धि गर्दै अघि बढ्नुको विकल्प छैन । यसकै लागि अनेम संघ क्रियाशील छ ।'

अनेम संघ गण्डकीकी अध्यक्ष हिराकुमारी गिरीले गत जेठ ३१ र ३२ गते पोखरामा भएको सम्मेलनले आफ्नो नेतृत्वमा ७१ सदस्यीय कमिटि निर्वाचित गरेपछि अहिले साउन २० र २१ गते बैठकका साथै सदस्यहरुलाई प्रशिक्षण सञ्चालन गरेको जानकारी दिइन् ।

प्रशिक्षणमा नेकपा एमालेको दशौं महाधिवेशनको कार्यदिशा बारेमा नेकपा एमालेका सचिव एवं गण्डकी प्रदेश ईञ्चार्ज गोकर्ण विष्ट, अनेम संघको आगामी कार्यभार विषयमा केन्द्रीय अध्यक्ष टुकाभद्र हमाल, अनेम संघको इतिहा र आन्दोलन विषयमा एमाले स्थायी कमिटि सदस्य थममाया थापा, संगठन निर्माण विधानबारे अनेम संघ महासचिव पेम्बा लामा, जबज र महिला विषयमा एमाले गण्डकी सचिव धनञ्जय दवाडी र संघको आगामी कार्ययोजना सम्बन्धमा अनेम संघ गण्डकीका अध्यक्ष हिराकुमारी गिरीले सहजीकरण गरे ।

अध्यक्ष गिरीका अनुसार अनेम संघ गण्डकीले जिल्ला कमिटिको बैठकहरु भदौ महिनाभित्र सम्पन्न गर्न निर्देश गरेको छ । यस्तै, अधिवेशन गर्न बाँकी जिल्लालाई असोज भित्र सक्न भनेको छ भने सदस्यहरुका लागि लेबीको निर्धारण पनि बैठकले गरेको छ ।

अनेम संघ गण्डकीले ९१ हजार बढीलाई सदस्यता वितरण गर्ने लक्ष्य लिएको छ। टोल स्तरसम्मै संगठन निर्माण गर्ने, प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरी प्रशिक्षकहरु तयार गर्ने, महिला सम्मान कार्यक्रम गर्ने, जहाँ विभेद त्यहाँ अनेमसंघ कार्यक्रम सञ्चालन गर्ने, प्रदेश सम्पर्क कमिटि गठन लगायतका कार्ययोजना बैठकले पारित गरेको छ ।

अनेम संघ गण्डकीको उपाध्यक्ष पार्वता तिवारीले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव खरमाया विटालुले गरेकी थिइन् ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सुजुकीका जिम्नी र फ्रोन्क्स पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, २२ साउन

पोखरामा सुजुकीका दुई नयाँ ब्राण्ड सुजुकी जिम्नी र फोन्क्स बिक्रि गर्न सुरु भएको छ।

सुजुकी ब्राण्डको चार पाने सवारी साधनको गण्डकी धौलागिरीका आधिकारिक वितरक बतास ब्रदर्श प्रा.लि.ले एक समारोहका बिच सोमबार उक्त गाडीको सार्वजनिक सहित बिक्रि गर्न सुरु गरेको हो।

बतास ब्रदर्श प्रा.लि.का प्रमुख संचालन अधिकृत (सिओओ) राजेश रानाभाटले अनावरण गरि दुवै सवारीको मुल्य समेत सार्वजनिक गरेका हुन्। ५–ढोके सुजुकी जिम्नी नेपालमा मात्र नभई अन्तर्राष्ट्रिय बजारमै सबैभन्दा प्रतिक्षित एसयूभीमध्ये एक भएको उनले जनाए। उक्त गाडीहरुको मुल्य भने ३९ लाख देखि ६१ लाख सम्म पर्ने भएको कम्पनीले जनाएको छ। उक्त मोडेल विश्वभरनै निकै रुचाइएको सिओओ रानाभाटले बताए। सोहि अनुरुप माग पनि रहेको बताउदै उनले सुजुकी जिम्नी अलिटमेट अफ रोड एसयूभी हेभी (ड्युटी ल्याडर फ्रेम चेसिसमा निर्मित भएको यसमा पर्याप्त बडी एन्गल र ग्राउन्ड क्लियरेन्सको साथ डिजाइन गरिएको बताए। यो



एसयूभी एक समर्पित उन्नत फो.डब्लु.डी.प्रणाली, अल ग्रिप प्रो संग आउँदछ भने ब्रेक लिमिटेड स्लिप डिफरेंशियल र अफ रोड सुविधाहरू समावेश भएको छ। अफ रोड बाटोको लागि उत्तम हुने गरी डिजाइन र निर्मित, जिम्नीमा २२.६८ सेमी स्मार्टप्ले प्रो इन्फोटेनमेन्ट सिस्टम, ६ एयरब्याग, इलेक्ट्रोनिक स्टेबिलिटी कन्ट्रोल, अटो टेम्परेचर कन्ट्रोल, हिल डिसेन्ट कन्ट्रोल जस्ता धेरै आधुनिक आरामदायी र सुरक्षित सुविधाहरू समावेश भएको छ। त्यसैगरि सुजुकी फ्रोन्क्स नयाँ जेनेरेसनको स्टाइल र प्रिमियम मिश्रीत एसयूभी हो। द फेस अफ न्यु एसयूभी भनिएको सुजुकी फ्रोन्क्स निकै आकर्षक र स्पोर्टी देखिन्छ भने यसमा रहेको अत्याधुनिक प्रविधिहरुले आरामदाई र सुरक्षित अनुभूति प्रधान गर्ने कम्पनीले जनाएको छ। प्रिमियम डिजाइन, नयाँ युगको फिचर्स, अत्याधुनिक सुविधाहरुले सुसज्जित फ्रोन्क्सले आधुनिक नेपाली ग्राहकहरुको लागी सम्पूर्ण माग आपूर्ति गर्ने विश्वास कम्पनीले लिएको जनाएको छ। निकै प्रतिस्पर्धी मानिएको यी दुई सवारीले सुजुकीको एसयूभी सेगमन्टको उपस्थितिलाई अझै मजबुत बनाउने विश्वास कम्पनीले लिएको छ। सुजुकीका सेल्स म्यानजेर नवराज अधिकारीका अनुसार हाम्रो देशमा रहेको फरक भौगोलिक अवस्था तथा त्यसमा अनुभव गर्न सकिने फरक ड्राइभिङ परिवेश तथा अवस्थीतिका कारण पछिलो समयमा नेपाली बजारमा एसयूभी सवारीको माग उच्च रहेको छ। ग्राहकवर्गले पनि आकर्षक डिजाइन, आरामदायी इन्टेरियर, नयाँ नयाँ अटी मोबाइल प्रविधियुक्त सवारी नै रोज्ने गरेको उनले बताए।

# एसियाडका लागि चार खेलको बन्द प्रशिक्षण पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, २२ साउन

आगामी असोज ६ देखि २३ गतेसम्म मित्रराष्ट्र चीनको होङ्झावमा १९औँ एसियाली खेलकुद (एसियाड) हुँदैछ। हरेक चार वर्षमा यो प्रतियोगिता आयोजना हुन्छ।

नेपालले १९औँ संस्करणमा विभिन्न २९ खेलमा दुई सय ३४ खेलाडी प्रतियोगितामा सहभागी गराउँदै छ। एसियाली खेलकुदको तयारी सुरु भइसकेको छ। तयार स्वरूप गण्डकी प्रदेशको राजधानी सहर पोखरामा चार खेलको बन्द प्रशिक्षण सञ्चालन भइरहेको छ। महिला ह्यान्डबल, पुरुष रग्बी, आर्चरी र भारत्तोलन खेलका खेलाडीले पोखरामा बन्द प्रशिक्षण लिइरहेका छन्। खेलाडी तथा प्रशिक्षकहरूले अझै पनि खेल सामग्री प्राप्त गर्न नसकेको गुनासो गरेका छन्। देशको प्रतिनिधित्व गर्दै खेल्न जाने खेलाडी तथा प्रशिक्षकहरूले प्रतियोगिताको मिति नजिकिँदै जाँदासमेत आवश्यक खेल सामग्री पाउन नसकेको बताएका छन्। प्रदेश खेलकुद परिषद् गण्डकीले आज एक कार्यक्रमबीच एसियाली खेलकुदमा सहभागी हुने खेलाडीहरूलाई सामूहिकरूपमा स्वागत गरेको छ।

सो अवसरमा ह्यान्डबलका कप्तान बन्दना राईले खेलाडीलाई आवश्यक न्यूनतम खेल सामग्री अभाव रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "हामी देशको प्रतिनिधित्व गरेर अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न जाँदैछौँ। तयारीस्वरूप बन्द प्रशिक्षण सुरु भए पनि अझै खेल सामग्री प्राप्त भएको छैन, आवश्यक सामग्री नहुँदा राम्रोसँग तयारी गर्न पाएकासमेत छैनौँ।" आर्चरीका प्रशिक्षक वसन्त थकाली, ह्यान्डबलका प्रशिक्षक विन्दा थापालगायत खेलाडी तथा प्रशिक्षकहरूले स्वास्थ्य सामग्री, प्रशिक्षणका दौरान आवश्यक खेल सामग्री उपलब्ध गराउन माग गर्नुभएको थियो।

प्रशिक्षणका क्रममा देखिएका समस्याका बारेमा जानकारी लिँदै गण्डकी प्रदेशकी सामाजिक विकास तथा स्वास्थ्यमन्त्री सुशीला सिंखडाले १९औँ एसियाली खेलकुदमा उच्च मनोबलका साथ प्रदर्शन गर्न आग्रह गर्नुभयो। उहाँले प्रशिक्षणका दौरान खेलाडीहरूलाई खेल सामग्रीको अभाव हुन नदिने प्रतिबद्धतासमेत जनाउनुभयो। मन्त्री सिंखडाले भन्नुभयो, "यहाँहरू नेपाली झण्डासहित एसियाली खेलको महाकुम्भमा जाँदै हुनुहुन्छ।

म यहाँहरूलाई गण्डकी प्रदेश सरकारका तर्फबाट शुभकामना दिन चाहन्छु। तपाइँहरूले भोग्नुपरेका समस्याहरू सरकारले सम्बोधन गर्नेछ। खेलाडीलाई खेल सामग्रीको अभाव हुन दिने छैनौँ।" खेलाडीलाई कुनै समस्या भए गण्डकी प्रदेश सरकार र आफ्नो मन्त्रालय तत्कालै सहयोग गर्न तयार रहेको बताउँदै सिंखडाले खेलकुदको विकासका लागि सरकार प्रतिबद्ध रहेको बताउनुभयो। प्रदेश खेलकुद परिषद्का सदस्यसचिव श्रीधर शर्माले पोखरामा गरिएको प्रशिक्षणबाट एसियाली खेलकुदमा सुखद नतिजाको अपेक्षा गरिएको बताउनुभयो।

# आँखा...

कार्यक्रममा उहाँले सुझाव दिनुभयो। अस्पतालका निर्देशक डा श्रेष्ठले भन्नुभयो, "सङ्क्रमण फैलिएसँगै अस्पतालमा आँखाका बिरामीको भीड नै लाग्ने गरेको छ।" आइतबार मात्र एक हजार तीन सय ५० जनाको आँखा परीक्षण गरिएकोमा पाँच सय जनामा आँखा पाक्ने समस्या देखिएको थियो। जसमा तीन सय ६० बालबालिकामा सङ्क्रमण देखिएको थियो। सामान्य अवस्थामा अस्पतालमा सरदर दैनिक सात सय जनाको आँखा परीक्षण हुँदै आएको थियो।

विगतको भन्दा यसपटकको सङ्क्रमण कडा हुनुको साथै आँखा रातो मात्र होइन दुवैतर्फका परेला सुनिने गरेको हुँदा बिरामीलाई दुखाइ बढी हुने गरेको छ। समुदायस्तरमा फैलिएको यसको रोगथामको लागि करिब एक हप्ता विद्यालय बन्द गर्नुपर्ने उहाँको सुझाव छ। रोगको सङ्क्रमण देखिएपछि जथाभावी औषधिको प्रयोग र आँखा मिच्न नहुने सल्लाह दिँदै डा श्रेष्ठले भन्नुभयो, "भाइरल कन्जंक्टिभाइटिसले आँखाको नानीसम्म सङ्क्रमण भयो भने उज्यालोमा हेर्न अप्ठ्यारो हुनुको साथै निको हुन लामो समय लाग्छ।"

नेपाल नेत्रज्योति सङ्घ कास्कीका अध्यक्ष सुरेन्द्र थापामगरका अनुसार सीमित स्रोतसाधन एवं जनशक्तिको अधिकतम उपयोग गर्दै अस्पतालले बिरामीको लागि आँखा उपचारको सेवा पुऱ्याउँदै आएको छ। आँखा पाक्ने बिरामीको सङ्ख्यामा क्रमिक रूपमा बढेपछि सङ्क्रमण न्यूनीकरणका लागि आँखा पाकेका बिरामीलाई मात्र छुट्टै परीक्षण गर्ने व्यवस्था मिलाइएको उहाँको भनाइ छ।

यसैगरी विद्यार्थीमा आँखा पाक्ने समस्या बढेपछि पोखरा महानगरपालिका-२० स्थित भलाम आधारभूत विद्यालय अनिश्चित कालका लागि बन्द गरिएको वडाध्यक्ष गङ्गाबहादुर केसीले जानकारी दिनुभयो।

पोखरा १७ महतगौडास्थित जानकी माध्यमिक विद्यालयका विद्यार्थीमा पनि आँखा पाक्ने समस्या देखिएको प्रधानाध्यापक अर्जुन कँडेलले बताउनुभयो। उहाँका अनुसार विद्यालयका ३० जना विद्यार्थीमा उक्त समस्या देखिएकोमा घरमै आराम गरेर उपचार गर्न सल्लाह दिइएको छ।

# संस्थापक अध्यक्ष ज्ञवालीको निधनप्रति हुर्जाद्वारा शोक व्यक्त

**पोखरापत्र संवाददाता**
पोखरा, २२ साउन

मानवअधिकार पत्रकार संघ हुर्जाका संस्थापक अध्यक्ष कृष्ण अञ्जान ज्ञवालीको निधनप्रति संस्थाले शोक व्यक्त गरेको छ।

संघका महासचिव सुशील श्रेष्ठद्वारा सोमवार जारी विज्ञप्तिमा मानवअधिकार पत्रकार संघ हुर्जाका संस्थापक अध्यक्ष ज्ञवालीको ५५ वर्षमा भएको निधनले संघलाई अभिभावकविहीन तुल्याएको उल्लेख छ।

विज्ञप्तिमा गुल्मीको थोर्गामा जन्मेका ज्ञवाली २०६० सालमा तत्कालीन विद्रोहीको गोलीबाट मृत्यु भएका आफ्नै बुबा भोजराज ज्ञवालीको ब्रेकिङ समाचार पढ्ने पत्रकारसमेत हुन् लेखिएको छ। शिक्षक सेवा आयोग उत्तीर्णपछि गुल्मीकै मनकामना प्राथमिक विद्यालयमा स्थायी शिक्षण शुरु गरेका ज्ञवालीले २०४५ सालदेखि ग्रामीण पत्रकारिता शुरु गरेका थिए। भावना दैनिक, आदर्श समाज दैनिक र जनसंघर्ष दैनिक, पाल्पा टाइम्स, स्पेश टाइम, पोखरा



विमर्श, सम्बोधन साप्ताहिक र विभिन्न अनलाइनमाध्यममा आबद्ध हुँदै उनले नेपाल ग्रामीण विकास बैंकको अधिकृतमा उत्तीर्ण भएसँगै शिक्षण छोडेका थिए। कवि, लेखक तथा गायकसमेत रहेका ज्ञवालीका पाल्पा रानीघाट, बगाले चरी, यसपाला पोखरा जाम्ला वरिलै, धरती फाट्ला आकाश फाट्दैन, यसपाला बटौली जाम्ला बरिलै, लामाचौरको भिलेज प्रोफाइल हाम्रो लामाचौर गीत र सिर्जनाका फूलहरू कवितासङ्ग्रह प्रकाशित छन्। सङ्घर्षमा कलम साहित्य समाजबाट उनको सिर्जनाकर्मको सम्मान गर्दै ऋषिराम रानाभाट स्मृति पुरस्कारबाट पुरस्कृत भएका थिए। साथै पछिल्लो समय प्रेस चौतारीको सदस्यतासँगै उनलाई शहीद परिवारकारूपमा नेपाल कम्प्युनिष्ट पार्टी एमालेले २०७९ चैत्र १३ गते अभिनन्दन गरेको थियो।

स्वास्थ्यमा सामान्य समस्या देखिएपछि उपचारका लागि बुटवल झरेका ज्ञवालीको अस्पताल नपुग्दै शुक्रवार हृदयघातका कारण निधन भएको थियो। उनका एक श्रीमती, एक छोरा र छोरी रहेका छन्। छोरा नेपालमै १०+२ अध्ययनरत र छोरी असीम ज्ञवाली उच्च शिक्षाका लागि अष्ट्रेलिया रहेकी थिइन्। छोरी नेपाल आएसँगै आइतबार साँझ ज्ञवालीको कालीगण्डकी तटमा अन्तिम संस्कार गरियो। बैंकमा अधिकृतको जागिर भन्दा पत्रकारिता रुचिको विषय भएकाले उनले जागिरबाट राजीनामा दिएर परिवारसँगै पोखरामै सञ्चारकर्ममा क्रियाशील थिए। २०७८ सालमा आमा यमकला ज्ञवालीको निधनपछि गुल्मीको थोर्गा पुगेका उनी हाल जन्मथलोबाटै सञ्चारकर्ममा क्रियाशील थिए।

# अनुदानको मल बढी मूल्यमा बिक्री गर्नेलाई कारबाही

**पोखरापत्र संवाददाता**
पोखरा, २२ साउन

कास्कीमा नेपाल सरकारले अनुदानमा उपलब्ध गराएको मल बढी मूल्यमा बिक्रीवितरण गरेका दुई संस्थालाई कारबाही गरिएको छ।

कास्कीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेको अध्यक्षतामा आज बसेको बैठकले अमरसिंह सुलभ कृषि सामग्री पसल र पोखराको शिवालय चोकस्थित उपभोक्ता सहकारी सङ्घलाई रु २०/२० हजार जरिवाना गरेको हो। नेपाल सरकारले अनुदानमा उपलब्ध गराएको मल बढी मूल्यमा बिक्री गरेको सूचनाका आधारमा आइतबार पोखरा महानगरपालिकाको मल वितरण व्यवस्थापन समितिले अनुगमन गरेको थियो। अनुगमनका क्रममा बढी मूल्यमा बिक्री गरेको पाइएपछि आज जिल्ला प्रशासन कार्यालयमा छलफलका लागि बोलाइएको थियो। अमरसिंह सुलभ कृषि सामग्री पसलमा रहेको २५ बोरा युरिया, ६ बोरा डिएपी र पाँच बोरा पोटास जफत गरी साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडमा फिर्ता गरिएको छ। त्यस्तै आफ्नो कार्यक्षेत्रबाहिर ठूलो परिमाणमा मल बिक्री गर्ने उपभोक्ता सहकारी सङ्घ लिमिटेड पोखरा-८ को अनुदानको मल बिक्रेता अनुमति खारेज गर्ने निर्णय भएको पोखरा महानगर कृषि महाशाखा प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो। पोखरा महानगरपालिका मल वितरण व्यवस्थापन समितिका संयोजक पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङको नेतृत्वमा आइतबार अनुगमन गर्दा अनुदानको मल तोकेको मूल्यभन्दा रु १५ बढीमा बिक्री गरेको फेला परेको थियो।


## चट्याङको समयमा सतर्क रहौं।

**चट्याङबाट बच्ने उपायः**

- बिजुली चम्केको बेला सतर्कता अपनाउने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा प्रवेश गर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# सदनको अवरोध हटाऊ

संघीय संसदका दुवै सदन निरन्तर अवरोध हुँदा जनताको आवाज रोकिएका छन् । 'संसद अवरोध हुँदा सांसदहरुले आफ्नो क्षेत्र र जनजीवनका समस्या उठाउन पाएका छैनन् । सदनको अवरोध हटाउन सरकार र प्रमुख प्रतिपक्षी दलका बीचमा छलफल गरेर निष्कर्ष निकाल्नु पर्ने हो । गठबन्धन सरकार भएको हुँदा गठबन्धनका दलहरूमा सदनको अवरोध हटाउन जुन तत्परता देखाउनुपर्ने हो त्यो देखिएको छैन ।प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डको समस्या जस्तो गरेर गठबन्धनको ठूलो दल काङ्ग्रेसले अग्रसरता नलिनु पानी माथिको ओभानो जस्तै हो । प्रमुख प्रतिपक्षी दलले सदनका विपक्षी र सत्ता गठबन्धनका अन्य दललाई पनि अबरोध गर्न नपर्ने उपायको लागि पहल गर्नुपर्ने थियो ।

राजनीतिक दलका गतिविधि सदनमा भन्दा पार्टीका बैठक भेला र पार्टी विस्तारमा बढी केन्द्रीत छन । त्रिशंकु संसद भएको हुँदा सबैको ध्यान आउँदो चुनाव केन्द्रीत छासदन खुलाउन सरकार भन्दा प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे अग्रसर भएका छन।सुन तस्करी प्रकरण होस या अन्य मुद्दामा अबरुद्ध सदन खुलाउन सभामुख घिमिरेले पहल गरेका छन । संसदका विभिन्न समितिमा सदस्य पठाउन पनि सभामुखले दलहरूलाई घचघच्याएका हुना।संसदीय समितिलाई क्रियाशील बनाउन सभापति चयनमा पनि दलहरूबीच सहमति खोज्न जोड दिएकै छन।सदन खुलाउन तीन ठूला दलका शिर्ष नेता र प्रमुख सचेतकसंग छलफल चलाउँदै आएका छन।सोमबार तीन दलका शिर्ष नेतासँग पनि सदन अबरोध हुँदा जनताका आवाज रोकिएकोमा गम्भीरतापूर्वक लिन सचेत गराएका छन।माननीयहरुले प्राकृतिक विपद्लगायतका धेरै जनसरोकारका विषय सदनलाई जानकारी दिन सक्नुभएको छैन' नयाँ वानेश्वरस्थित आफ्नै कार्यकक्षमा बसेको प्रमुख तीन दलका शीर्ष नेताहरुसँगको छलफलपछि सभामुख घिमिरेले तिनै कुरा दोहो-याएका छन ।

सदनमा जारी अवरोध खुलाउने विषयमा मंगलबार दिउँसो ३ बजे वानेश्वरमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, प्रमुख विपक्षी दल एमालेका अध्यक्ष केपी शर्मा ओली, प्रमुख तीन दलका प्रमुख सचेतक र सचेतकहरु छलफलमा बसेका थिए । त्यसअगाडि साढे १२ बजे नेताहरु सिंहदरवार स्थित सभामुखको कार्यकक्षमा छलफलमा बसेका थिए । दुवै छलफल निस्फल भएपछि सोमबार दिउँसो ४ बजेका लागि बोलाइएको प्रतिनिधि सभाको बैठक बस्दै नबसी मंगलबार दिउँसो ३ बजेसम्मका लागि स्थगित भएको छ ।

राजश्व अनुसन्धान विभागले साउन २ गते त्रिभुवन विमानस्थलबाट गैरकानुनी रुपमा नेपाल भित्रिएको झण्डै एक सय किलो सुन बरामद गरेको थियो । यस सम्बन्धमा उच्चस्तरीय छानबिन समिति गठनको माग गर्दै एमालेले साउन १० गते यता संघीय संसदको दुवै सदन (प्रतिनिधि सभा र राष्ट्रिय सभा)को बैठक चल्न दिएको छैन । सत्तारुढ दलहरु सरकारी अनुसन्धान टुंगो लागेपछि मात्रै अर्को छानबिन समिति गठन गर्न सकिने भन्दै आलटाल गरिरहेका छन।सत्तारुढ दल र प्रमुख प्रतिपक्षी नेकपा एमालेको अडानका कारण संसद चल्न सकिरहेको छैन । मेरो गोरुको बाह्रै टक्का भनेजस्तो गर्नु हुँदैन ।

सभामुखले अधिकतम रुपमा लचिलो भएर दलहरूलाई सहमतिका लागि सकारात्मक दबाब दिइरहेको छन । दलहरुबीच आपसी विश्वास, एकता र सहकार्यको पक्षमा उभिँदै आएका सभामुख घिमिरेको आग्रहलाई दलहरूले सहज रुपमा लिनु पर्छ।हसूचना टाँसेर बैठक रोक्ने नजिर स्थापित गर्ने पक्षमा नरहेको भनाइलाई कमजोरीको रुपमा लिनुहुँदैन । प्रमुख नीत दलका शीर्ष नेताहरुको अर्को बैठक मंगलबार बिहान साढे १० बजे प्रधानमन्त्री निवास बालुवाटारमा बस्ने तय भएको छ । त्यो बैठक, सदनको नियमित कारबाहीमा जाने बनाउन सरकारले फराकिलो छाती बनाउनु आवश्यक छ ।

# तनहुँमा आँखा पाक्ने रोगको प्रकोप बढ्दो, दुई विद्यालय बन्द

**पोखरापत्र संवाददाता**
तनहुँ, २२ साउन

दमौली अस्पतालमा आँखा पाक्ने रोगका बिरामीको सङ्ख्या बढ्न थालेको छ । तीन दिनको अवधिमा ५२ जना आँखा पाक्ने रोगका बिरामी उपचारका लागि आएको अस्पतालले जनाएको छ ।

गत बिहीबार १४, शुक्रबार १३ र आइतबार २५ जना गरी ५२ जना बिरामी आँखा पाक्ने रोगबाट सङ्क्रमित भएको दमौली अस्पतालका नेत्र सहायक लक्ष्मी चौधरीले जानकारी दिनुभयो ।

यसअघि दिनमा तीन/चार जना आँखा पाक्ने समस्याका बिरामी आउने गरे पनि तीन दिनदेखि सङ्ख्या बढेको उहाँले बताउनुभयो । आँखा उपचारमा आउने बिरामीमध्ये झन्डै ५० प्रतिशत आँखा पाक्ने रोगका सङ्क्रमित हुने गरेको उहाँले जानकारी दिनुभयो ।

मुख्य गरेर एडिनो भाइरसका कारण आँखा पाक्ने प्रकोप बढेको पाइएको छ । उहाँले भन्नुभयो, "कतिपय ब्याक्टेरिया र धुलोधुवाँका कारण पनि यस किसिमको समस्या हुने गरेको छ ।" सुरुमा एउटा वा दुवै आँखा सुन्निने र चिलाउन सुरु हुने, आँखा रातो हुने, आँखामा कचेरा लाग्ने, आँशु बगिरहने र घाम वा उज्यालोमा हेर्न अठ्यारो हुने यस रोगको मुख्य लक्षण भएको चिकित्सकहरुले बताएका छन् ।

एक हप्तादेखि बढीमा दुई हप्ताभित्र यो रोग निको हुन्छ । उहाँले भन्नुभयो, "महामारीअन्तर्गत सरुवा रोग भएकाले एक व्यक्तिबाट अर्को व्यक्तिमा सजिलै सर्न सक्छ, सतर्कता अपनाउन जरुरी हुन्छ ।"

उपचारमा आउने बिरामीको लक्षणका आधारमा औषधि दिई आराम गर्न बिरामीलाई सल्लाह दिइएको नेत्र सहायक चौधरीले बताउनुभयो । चिसो बरफले आँखा सेक्ने, घाममा नहिँड्ने, भीडभाडमा नजाने र हिँडडुल गर्नुपरेमा कालो चश्मा लगाएर हिँड्नेलगायतका सुझाव दिइएको छ । आँखा पाकेका बिरामीको आँशुबाट यो रोग सर्ने भएकाले घरपरिवारका अन्य सदस्यले बिरामीले प्रयोग गर्ने रुमाल प्रयोग नगर्ने, साबुन पानीले समय समयमा हात धोएर सतर्कता अपनाउन चिकित्सकले बताएका छन् ।

त्यसैगरी आँखा पाक्ने रोगको सङ्क्रमण बढेपछि जिल्लाका दुई विद्यालयमा पठनपाठन बन्द गरिएको छ । शुक्लागण्डकी नगरपालिकास्थित खैरनी माध्यमिक विद्यालय र पञ्चमुनिदेव माध्यमिक विद्यालय बन्द गरिएको हो । खैरनीटार माध्यमिक विद्यालय साउन आजदेखि यही साउन २४ गतेसम्म बन्द गर्ने निर्णय गरिएको विद्यालयका सहायक प्रधानाध्यापक मोहनप्रसाद आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार वर्षे बिदाबाट कक्षा गर्नेगरी विद्यालय बन्द गर्ने निर्णय भएअनुरुप बन्द गरिएको सो विद्यालयले जनाएको छ । त्यसैगरी पञ्चमुनि माध्यमिक विद्यालयले साउन १९ गतेदेखि २३ गतेसम्म बन्द गर्ने निर्णय गरेको छ । साउन २४ गते विद्यालय संचालन गर्ने कि नगर्ने विषयमा संङ्क्रमण नरोकिए पुनः सूचना जारी गरी विद्यालय बन्द गर्न सकिने सो विद्यालयले जनाएको छ ।

# नेपालको मछिन्द्र र भुटानको पारो एएफसीबीच खेल हुने

**रासस**
काठमाडौं, २२ साउन

एसियाली फुटबल महासङ्घ (एएफसी) को आयोजनामा हुने एएफसी कप फुटबल प्रतियोगिताको प्रारम्भिक चरणमा नेपालको मछिन्द्र फुटबल क्लबले भुटानको पारो एफसी क्लबसँग खेल्दैछ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा मंगलबार साँझ हुने खेलमा दुवै टोली तयारी अवस्थामा रहेको आज यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । मछिन्द्र क्लबका प्रशिक्षक किशोर केसीले सबै प्रशिक्षण सकेर खेलका लागि आफ्नो टोली तयारी अवस्थामा रहेको बताउनुभयो । सहिद स्मारक ए डिभिजन लिगको उपविजेता बनेको मछिन्द्रले एएफसी कप खेल्ने अवसर पाएको हो । लिगमा च्यापियन बनेको चर्च ब्वाइज क्लबसँग एएफसी क्लबको लाइसेन्स नहुँदा उपविजेता बनेको मछिन्द्रले मौका पाएको हो । यता भुटानको पारो एएफसी क्लब लिगमा पहिलो स्थान हासिल गर्दै प्रतियोगितामा सहभागिता जनाएको हो । पारो एफसीका प्रशिक्षक पुष्पलाल शर्माले भुटानमा लिग भइरहेकाले आफ्नो टोलीको तयारी राम्रो रहेको बताउनुभयो । उहाँले मछिन्द्र क्लबमा राष्ट्रिय खेलाडीसमेत समावेश रहेकाले आफूहरूले मछिन्द्र क्लबलाई बलियो प्रतिद्वन्द्वीको रुपमा लिएको बताउनुभयो ।

# स्याङ्जाका खानेपानीमा रोगका किटाणु

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २१ साउन

स्याङ्जाका अधिकांश मुहान, टंकी, धारा र घरमा भएका खानेपानीमा रोगका किटाणु भेटिएका छन् ।

स्वास्थ्य कार्यालय स्याङ्जाले नमूना परिक्षण गरिएका मध्ये यहाँका झण्डै ४२ प्रतिशत खानेपानीमा 'कोलीफर्म' किटाणु भेटिएको हो । जुन मानव स्वास्थ्यका लागि हानिकारक रहेको छ । स्वास्थ्य कार्यालयले ११ ओटै पालिकाका खानेपानीका मुहान देखी घरमा प्रयोग गर्ने धाराको नमुना परिक्षण गरेको थियो ।

स्याङ्जावासीले प्रयोग गर्ने खानेपानीमा दिसामा हुने कोलीफर्मको मात्रा भेटिएको स्वास्थ्य प्रमुख बसुन्धरा शर्माले जानकारी दिईन् । सार्वजनिक, ब्यक्तिगत र संस्थागत धाराहरुबाट समेत खानेपानीका नमूना परिक्षण गरिएकोमा ४२ प्रतिशत पानीमा रोगको संक्रमण देखिएको बताईन् ।

उनका अनुसार, आर्थिक बर्ष २०७९/०८० मा एघार पालिका अर्न्तगत रहेका बिभिन्न पानीका स्रोत (मुहान, धारा, घर) बाट ९४ वटाको नमूना परिक्षण गर्दा ४१ दशमल ४८ प्रतिशत कोलीफर्म देखिएको छ । यसैगरी, गतवर्ष ०७८/०७९ पनि एघार पालिकाका ५६ वटामा गरिएको नमूना परिक्षणमा ५२ प्रतिशतमा कोलीफर्मका किटाणु थियो । एघार पालिका मध्ये सबैभन्दा बढी बिरुवा गाउँपालिकामा ६६ दशमलव ६ प्रतिशत र सबैभन्दा कम पुतलीबजार नगरपालिकामा ३१ दशमलव २५ प्रतिशत कोलीफर्मका मात्रा देखिएको छ । यसैगरी, क्रमश : चापाकोट नगरपालिकामा ६२ दशमलव ६ प्रतिशत, फेदिखोला र हरिनास गाउँपालिकामा ५०/५० प्रतिशत, भीरकोट नगरपालिकामा ४६ दशमलव १ प्रतिशत, अर्जुनचौपारी गाउँपालिकामा ४० प्रतिशतमा कोलीफर्म देखिएको स्वास्थ्य कार्यालय स्याङ्जाले जनाएको छ । गल्याङ नगरपालिकामा ३८ प्रतिशत र वालिङ नगरपालिका, आँधीखोला र कालीगण्डकी गाउँपालिकामा पनि सबैमा क्रमश : ३७ दशमलव ५ प्रतिशत नै कोलीफर्म किटाणु भएको स्वास्थ्य प्रमुख शर्माले जानकारी दिईन् । कार्यालयले पुतलीबजार र कालीगण्डकीमा १६/१६, भीरकोटमा १३, चापाकोट, वालिङ, आँधीखोलामा ८/८, विरुवा र गल्याङमा ६/६, अर्जुनचौपारीमा ५, फेदिखोला र हरिनासमा ४/४ वटा गरी ९४ वटा खानेपानीका नमूना लिई ल्याब परिक्षण गरेको थियो । अघिल्लो बर्षको तुलनामा गतबर्ष पानीको शुद्धता प्रतिशत केही बढे पनि यो सुखद नतिजा भने नभएको प्रमुखको भनाई छ । यो पिउन योग्य पानी होइन् उनले भनिन्,'पानीलाई छान्ने, उमाल्ने, औषधीहरु प्रयोग वा अन्य बिधिबाट शुद्धिकरण गरेर मात्र पिउनुपर्छ ।' खानेपानीका कारण धेरै रोग उत्पन्न हुनसक्छ त्यसैले यस तर्फ सबैले ध्यान दिनु आवश्यक छ उनले भनिन् । कोलीफर्मयुक्त पानी सेवनले झाडापखाला, टाइफाइड जस्ता सरुवा रोग लाग्नुका साथै मृगौलालाई पनि नकारात्मक प्रभाव पार्ने बताइएको छ । जसका कारण मृगौला बिग्रने संभावना रहन्छ भने हैजाको पनि बढी जोखिम रहने स्वास्थ्यकर्मीको भनाई छ ।

वर्षासँगै पानी जन्य संक्रामक रोगहरु बढ्न थालेका बेला खानेपानी तथा पिउनेपानी कति शुद्धता छ पहिचान सहित उपभोग गर्न पाउनु पर्ने उपभोक्ता सुनिता पौडेलको भनाई छ । कार्यालयले लगातार दुई बर्षसम्म यहाँको खानेपानीको नमूना संकलनगरी परिक्षण गर्दा अघिल्लो बर्षको तुलनामा यसबर्ष केही सुधारोन्मुख देखिएको छ । मानव स्वास्थ्यका लागि पहिलो आवश्यकता शुद्ध पानी भएकाले स्थानीय पालिका नै बढी संवेदनशील हुनुपर्ने प्रमुख शर्माको भनाई छ । आयोजनाबाट वितरीत गरिएको खानेपानी भने केही शुद्धता देखिएको वालिङ नगर स्वास्थ्य शाखा प्रमुख कमलप्रसाद पाण्डेले बताए । वालिङ साना शहरी खानेपानी आयोजनाको पानी फिल्टर गरेर घर–घरमा पठाइएकोले खानयोग्य रहेको उनको भनाई छ ।

यस्तो पानी जोखिम : वालिङ नगरपालिका १४ भर्लेनेटा दलित समुदायमा मुहानबाट सिधै पाईपमा ल्याइएको खानेपानी गाग्रीमा भर्दै । मुहानबाट सिधै पाईपबाट ल्याइने पानी उमालेर मात्रै खानुपर्ने स्वास्थ्यको भनाई छ ।


# खाद्य सामाग्री, इन्धन, सरसफाई लगायतको सामान खरिदको लागि बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति:–२०८०/०४/२३**

श्री सहिद स्मृति आ.मा.वि. पोखरा मा न पा १४ कास्कीमा अध्यनरत २३५ जना आवासीय विद्यार्थीहरुका लागि आ.व. २०८०/०८१ मा आवश्यक सामाग्री (बोलपत्र फाराममा उल्लेखित खाद्य सामाग्री, इन्धन, सरसफाई र स्टेसनरी सामाग्री) खरिद गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनी, एजेन्ट, सप्लायर्स र अधिकृत बिक्रेताहरुबाट तपशिलका शर्तहरुको अधीनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको १२.०० बजे भित्र श्री सहिद स्मृति आ.मा.वि. पोखरा मा न पा-१४ मा आइपुग्ने गरी बोलपत्र आह्वान गरिएको छ ।

**तपसिल**

१) यो बोलपत्रको सूचना प्रकाशित भएको मितिले ३० दिनसम्म सामान आपूर्ति सम्बन्धी बोलपत्र फारम वापत रु ३,०००।-(फिर्ता नहुने गरी) यस विद्यालयको अमरशिहचोक शाखामा रहेको राष्ट्रिय बाणिज्य बैक लिमिटेडको चल्ती खाता नम्बर ३४८०१०००१०७१३००१ मा बुझाएको सक्कल भौचर, बोलपत्र खरिद गर्न लागि निवेदन र फर्म वा कम्पनीको इजाजत पत्र, स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. ०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित गराई साथमा लिई आउनुपर्नेछ ।

२) बोलपत्र खरिद गर्न बोलपत्रदाता स्वयं उपस्थित हुननसकेमा मञ्जुरी नामाबाट पनि खरिद गर्न सकिने छ । तर त्यस्तो मञ्जुरीनामा (निवेदन) एक फर्म एक व्यक्तिलाई मात्र मान्य हुने छ ।

३) खरिद गरिएको बोलपत्रका महलहरु भरी प्रत्येक पानामा सहीछाप गरी ३०औं दिनको १२.०० बजे भित्र वा सो दिन विदा पर्न गएमा त्यसको भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिनको १२ बजेभित्र यस विद्यालयको प्रशासन शाखामा आई बोलपत्र दर्ता गराउन सकिने छ । यसरी दर्ता हुन आएको बोलपत्रहरु सूचना प्रकासन भएको मितिले ३१ औं, दिनको २.०० बजे विद्यालयमा बोलपत्रदाता वा निजका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा प्रतिनिधिहरु उक्त दिन र समयमा उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४) बोलपत्र पेशगर्दा बोलपत्र जमानत बापत बोल रकमको १.५० श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालयको राष्ट्रीय बाणिज्य बैंक अमरशिहचोक शाखामा प्रकारण १ मा उल्लेख भएको खाता नम्बरमा जम्मा गरी सक्कल भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

५) दर्ता गर्न ल्याउदा बोलपत्रको खामको शीरमा "बोलपत्र पेश गर्न चाहेको सामानको नामको बोलपत्र" भनी लेखी बोलपत्रदाताको नाम, ठेगाना र फोन नम्बर भएमा सो समेत प्रष्ट सँग लेखी विद्यालयमा बुझाउनुपर्ने छ ।

६) बोलपत्रदाताले आफुले कबुल गरेको दररेट अंक र अक्षरमा केरमेट नगरी प्रष्टसँग लेखेको हुनुपर्ने छ । अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइने छ ।

७) नेपाल सरकारलाई तिर्नुपर्ने सबै प्रकारका कर बोलपत्रदाता स्वयमले तिर्नुपर्ने छ ।

८) आपूर्ति गर्ने सामान गुणस्तर युक्त भए नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गराइनेछ ।

९) बोलपत्र पेश गर्ने कम्पनी, फर्म वा एजेण्टले आफूले आपूर्ति गर्नुपर्ने सामान श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय, पोखरा मा न पा १४ कास्कीमा नै आपूर्ति गर्नुपर्नेछ ।

१०) प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस विद्यालयमा सुरक्षित रहने छ । रीत नपुगेको, म्यादनाघी आएको र शर्तराखिएका बोलपत्र उपर कुनै कार्वाही गरिने छैन ।

११) यस सम्बन्धी अन्य कुनै जानकारी चाहिएमा कार्यालय समय भित्र **श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय पाखरा मा न पा १४ कास्की फोन न ९८४६१४७६३६ र ९८५६०४१९९५** मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**विस्तृत जानकारीका लागि सम्पर्क:**

**श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय**
**पोखरा–१४, कास्की**
**सम्पर्क नं. ९८४६१४७६३६ वा ९८५६०४१९९५**


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : आर्थिक समस्या |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मानसिक तनाव |
| कन्या | : मन चञ्चल | मीन | : शारीरिक झमेला |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# औषधि सेवनबाट गर्भपतन गराउने बढ्दै

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २२ साउन

स्याङ्जामा औषधिको प्रयोग गरेर सुरक्षित गर्भपतन गराउनेको सङ्ख्या बढ्दै गएको छ।

जिल्ला स्वास्थ्य कार्यालयको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७९/८० मा एक हजार एक सय ६४ जनाले सरकारी स्वास्थ्य संस्थामा गएर सुरक्षित गर्भपतन गराएका छन् । तीमध्ये २० वर्ष माथिका एक हजार एक सय एक र २० वर्ष मुनिका ६३ जना रहेका कार्यालयका प्रमुख बसुन्धारा शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार वालिङ नगरपालिकामा जिल्लामै सबैभन्दा बढी तीन सय ८७ जनाले सुरक्षित गर्भपतन गराएका छन् । त्यसमध्ये तीन सय १५ ले औषधि सेवन गरेका थिए भने ५४ जनाले उपकरण प्रयोग गरेर गर्भपतन गराएका प्रमुख शर्माले बताउनुभयो । उहाँका अनुसार २० वर्ष माथिका तीन सय ५१ र मुनिका १८ जनाले यहाँबाट सुरक्षित गर्भपतन सेवा लिएका छन्। पुतलीबजार नगरपालिकाका एक सय ९८ ले सुरक्षित गर्भपतन गराएका छन् । जसमध्ये औषधि सेवन गर्ने एक सय ६० र उपकरण प्रयोग गर्ने २७ रहेका छन्। यस पालिकामा सुरक्षित गर्भपतन गराउनेमा २० वर्ष माथिका एक सय ७६ र मुनिका ११ रहेका प्रमुख शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार हरिनाशमा एक सय ६६, अर्जुन चौपारीमा ९७, कालीगण्डकीमा ५७ र आँधीखोलामा ५३, बिरुवामा १६ र फेदीखेला गाउँपालिकामा एक जनाले औषधि सेवन गरेर गर्भपतन गराएका छन् । यस्तै, भिरकोटमा एक सय आठ, चापकोटमा ८२ र गल्याङ नगरपालिकामा २८ जनाले औषधि सेवन गरेर गर्भपतन गराएका प्रमुख शर्माले जानकारी दिनुभयो। औषधि खुवाएर गराइने गर्भपतन सेवा, सुरक्षित, सजिलो र कम जोखिम हुने भएकाले यस पद्धतिको प्रयोगकर्ता बढ्दै गएको उहाँले बताउनुभयो । उहाँले उपकरण प्रयोग गनुपर्ने प्रकृतिका महिला गर्भपतन गर्न निकै कम आउने भएकाले पनि औषधि सेवन गर्नेको सङ्ख्या बढी देखिएको दाबी गर्नुभयो। "निजी स्वास्थ्य संस्थामा गएर गर्भपतन गराउनेको विवरण हामीले समेटेका छैनौं", प्रमुख शर्माले भन्नुभयो, "निजी स्वास्थ्य संस्था र अवैधानिकरुपमा गर्भपतन गराउनेको सङ्ख्या जोड्ने हो भने जिल्लामा गर्भपतन गराउनेको सङ्ख्या डर लाग्दो छ ।" उहाँले असुरक्षित यौन सम्पर्क र गर्भपतनलाई न्यूनीकरण गर्न जिल्लाका विभिन्न स्वास्थ्य संस्थामार्फत सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो।

# गल्याङ्का वडा–वडामा स्वास्थ्यको पहुँच

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २२ साउन

नागरिकलाई स्वास्थ्यको पहुँचमा सहजता ल्याउन गल्याङ नगरपालिकाले वडा–वडामा स्वास्थ्य केन्द्र स्थापना गरेको छ । आधारभुत स्वास्थ्य सेवाबाट नागरिक बन्चित हुन नपरोस भन्ने उदेश्यले नगरपालिकाले प्रत्येका वडामा स्वास्थ्य केन्द्र स्थापना गरेको हो । आधारभुत स्वास्थ्य सेवाका लागि नगरपालिकाले हरेक वडामा सुविधा सम्पन्न भवन निर्माण समेत गरेको छ । पछिल्लो पटक नगरपालिकाले वडा नम्वर ११ जिमुवामा आधारभुत स्वास्थ्य केन्द्र उद्घाटन गरेर संचालनमा ल्याएको छ।

नगर प्रमुख गुरुप्रसाद भट्टराईले उक्त भवनको एक कार्यक्रमका विच उद्घाटन गरेका छन्। नगरपालिकाको आफ्नै लगानीमा निर्माण गरेको स्वास्थ्य भवन २६ लाखको लागतमा बनेको हो। नगरपालिकाले नीति तथा कार्यक्रममा स्वास्थ्यको पहुँच हरेक वडामा पुऱ्याउने लक्ष्य राखे अनुसार स्वास्थ्य केन्द्रको भवन निर्माण गरिएको नगर प्रमुख भट्टराईले बताए । नगरपालिका स्वास्थ्य र शिक्षा सेवामा नागरिक बन्चित हुनुहुदैन भन्ने चाहान्छ नगर प्रमुख भट्टराईले भने,'प्रत्येक वडामा सुविधा सम्पन्न स्वास्थ्य केन्द्र र गुणस्तरीय शिक्षा प्रदान गर्नु नै विकास हो ।' सामान्य उपचारका लागि नागरिक पालिकाको केन्द्र र ठुला शहरमा धाउन पर्ने बाध्यतालाई अन्त्य गर्ने लक्ष्य हाम्रो हो उनले भने। वडामा–वडामा घुम्ति शिविर मार्फत नागरिकलाई पालिकाको केन्द्रमा आउन नपर्नेगरी योजना बनाएको नगर प्रमुख भट्टराईले बताए। पालिकाको ठुलो वडाको रुपमा रहेको यो बस्तीका नागरिक अब सामान्य उपचारका लागि बाहिर जान नपर्ने भएको यहाँका स्थानीय खुशी भएका छन् । भौगोलिक बनावटले साथ नदिएको नगरपालिकालाई स्वास्थय सेवाका लागि टाढा जानुपर्ने बाध्यता रहदै आएको थियो। वडामै सुविधा सम्पन्न भवन, दक्ष स्वास्थ्य कर्मचारीको व्यवस्था भएपछि स्वास्थ्य उपचारमा सहज हुने स्थानीय रुमलाल कँडेलले बताए। आर्थिक बर्ष २०७९/०८० को बजेटबाट विनियोजन गरिएको थियो । यो भवन निर्माण सम्पन्न भएसगै यहाँका झण्डै २५ सय स्थानीय लाभान्वित हुने छन् । वडा अध्यक्ष दलबहादुर सिंजालीका अनुसार स्वास्थ्य र शिक्षाको पहुँच नभएकै कारण बसाई सराई गर्नेको संख्या बढ्न थालेको बताए। स्वास्थ्यको पहुँच पुगेसगै अब वडाबाट बसाईसराई गर्नेको संख्यामा कमी आउनेमा आफु विश्वस्थ रहेको बताए । गल्याङ नगरपालिकाले शिक्षा, स्वास्थ्य, खानेपानी, सडक र कृषिलाई प्रथामितामा राखेर योजना बनाउदै आएको छ। जसले नागरिकको आवश्यकतालाई सिमित साधनश्रोतका बावजुद प्रथामिकतामा राखेर नीति तथा कार्यक्रम र बजेट व्यवस्थापन गर्दै आएको छ। कार्यक्रममा नगर उपप्रमुख हेमा न्यौपाने, नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख बिष्णु ओली, पुर्व वडाध्यक्ष एवम् स्वास्थ्य केन्द्र समितिका अध्यक्ष शंकर अधिकारी, निर्माण समिती अध्यक्ष चिरञ्जीवी कंडेल, वडा न ११ का वडासदस्य मोहन डुम्रे , कार्यालय प्रमुख केशरी थापा लगायतले स्वास्थ्य भवन मात्रै निर्माण गरेर भन्दा पनि यसबाट प्रवाह हुने सेवामा ध्यान दिन आग्रह गरेका थिए । गल्याङ नगरपालिका वडा नं. ११ का वडाध्यक्ष दल बहादुर सिंजालिको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको स्वागत निर्माण समितिका सचिव चक्रपाणी कंडेलले गरेका थिए।

# पत्रकार महासंघ कास्की र गण्डकी प्रदेश विरुद्धको परेको रिटमा अन्तरिम आदेश जारी

**रासस**
पोखरा, २२ साउन

पत्रकार महासङ्घ केन्द्रबाट देशव्यापी रूपमा सुरु गरेको पत्रकार शुद्धीकरण अभियानअन्तर्गत कास्की शाखा र गण्डकी प्रदेशले गरेको निर्णयमा असहमति जनाउँदै परेको रिटमा उच्च अदालत पोखराले अन्तरिम आदेश जारी नहुने ठहर गरेको छ।

पत्रकार महासङ्घ कास्कीका सदस्य अधिवक्ता ईश्वरी पौडेलले पत्रकार महासङ्घले १५ बुँदे पत्रकार शुद्धीकरण मापदण्ड मिचेर सदस्य सिफारिस गरेको भन्दै नेपाल पत्रकार महासङ्घ कास्की र प्रदेशका कार्यसमितिलाई विपक्षी बनाउँदै साउन १६ गते उत्प्रेषण परमादेश समेतको रिट दायर गर्नुभएको थियो।

न्यायाधीश रमेशप्रसाद राजभण्डारी र ऋषि राजभण्डारीको संयुक्त इजलासले आज उक्त आदेश जारी गरेको हो। न्यायाधीशद्वयबाट भएको आदेशमा पत्रकार महासङ्घको निर्णयविरुद्ध चित्त नबुझे निवेदकले नेपाल पत्रकार महासङ्घमा पुनरावेदन गर्न पाउने अधिकार सुरक्षित नै रहेको देखिएको र अन्य विषय सम्बन्धमा विपक्षीबाट लिखित जवाफ पेसपछि सो सम्बन्धमा अन्तिम आदेश हुँदा सम्बोधन हुने नै भएकाले सुविधा र सन्तुलनको दृष्टिबाट समेत निवेदन मागबमोजिम तत्काल अन्तरिम आदेश जारी गरिरहन परेन भनी उल्लेख गरिएको छ।

"महासङ्घको नयाँ सदस्यता र सदस्य नवीकरण सम्बन्धमा शुद्धीकरण मापदण्ड सन्दर्भमा यसअघि उच्च अदालतले अन्तरिम आदेश जारी गर्नु किन नपर्ने हो भनी साउन ४ को निर्णयसहितको सोसँग सम्बन्धित सक्कल फाइल र पत्रकार महासङ्घ गण्डकीले साउन ९ को निर्णयसहितको सक्कल फाइल पेस गर्नू भनी कारण देखाऊ आदेश जारी गरेको थियो। सोको विषयमा उच्च अदालतमा आज भएको दुई पक्षको बहसपछि यस्तो आदेश आएको हो । बहसमा निवेदकका तर्फबाट निवेदक अधिवक्ता पौडेलसहित वरिष्ठ अधिवक्ता कृष्णबहादुर थापा, अधिवक्ताहरू लक्ष्मण शर्मा, गेज शर्मा पोखेल, कमल पौडेल, विष्णुप्रसाद शर्मा, बलराम उपाध्याय रेग्मी, लुमचन्द्र रेग्मी, राधा शर्मा पौडेल र विष्णुप्रसाद अधिकारीले तथा विपक्षीतर्फबाट विष्णुप्रसाद शर्मा, नारायणप्रसाद शर्मा, विष्णुप्रसाद लम्साल, भक्ति घिमिरे र वेदबहादुर विष्टले बहस गर्नुभएको थियो ।

# घरभाडा सरोकार समितिको रक्तदानबाट ४१ यूटिन रक्त संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, २२ साउन

नेपाल राष्ट्रिय घरभाडा सरोकार समिति पोखरा, कास्कीले आयोजना गरेको खुल्ला रंक्तदान कार्यक्रमबाट ४१ यूनिट रंक्त संकलन भएको छ । 'एकपटक रक्तदाता, सधैं जीवन रक्षक' भन्ने मुल नाराका साथ सोमबार बोलबमको अवसरमा पोखरा, ६ बैदाम स्थित केदारेश्वर महादेव मन्दिर परिसरमा आयोजना भएको उक्त कार्यक्रममा ४१ जनाले रंक्तदान गरेको समितिका अध्यक्ष कमल न्यौपानेले बताउनु भयो । केदारेश्वर मन्दिरका पिठाधिश स्वामि डा. लेखनाथ आचार्यले पहिलो रंक्तदाता तुल्सी प्रसाद चापागाईलाई व्लड व्याग हस्तान्तरण गर्दै कार्यक्रमको शुभारम्भ गर्नु भएको संयोजक इन्दुदेवि श्रेष्ठले बताउनु भयो।

कार्यक्रममा समितिका केन्द्रिय उपाध्यक्ष यामनाथ पौडेल, पोखरा ६ का वडा अध्यक्ष बिष्णु बहादुर भट्टराई, अग्रज पत्रकार कृष्ण प्रसाद बाँस्तोला, सामुदायिक प्रहरी सेवा केन्द्र पृथ्वीचोकका उत्तम जोसी लगायतले वोल्नु भएको थियो ।


## हरियो तरकारी, आलु, प्याज, फलफुल लगायतको सामान खरिदको लागि बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः–२०८०/०४/२३**

श्री सहिद स्मृति आ.मा.वि. पोखरा मा न पा १४ कास्कीमा अध्यनरत २३५ जना आवासीय विद्यार्थीहरुका लागि आ.व. २०८०/०८१ मा आवश्यक सामाग्री (बोलपत्र फाराममा उल्लेखित हरियो तरकारी, आलु, प्याज, फलफुल) खरिद गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनी, एजेन्ट, सप्लायर्स र अधिकृत विक्रेताहरुबाट तपशिलका शर्तहरुको अधीनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको १२.०० बजे भित्र श्री सहिद स्मृति आ.मा.वि. पोखरा मा न पा- १४ मा आइपुग्ने गरी बोलपत्र आह्वान गरिएको छ।

**तपसिल**

१) यो बोलपत्रको सूचना प्रकाशित भएको मितिले ३० दिनसम्म सामान आपूर्ति सम्बन्धी बोलपत्र फारम वापत रु ३,०००।-(फिर्ता नहुने गरी) यस विद्यालयको अमरशिहचोक शाखामा रहेको राष्ट्रिय बाणिज्य बैक लिमिटेडको चल्ती खाता नम्बर ३४८०१०००१०७१३००१ मा बुझाएको सक्कल भौचर, बोलपत्र खरिद गर्न लागि निवेदन र फर्म वा कम्पनीको इजाजत पत्र, स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. ०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित गराई साथमा लिई आउनुपर्नेछ।

२) बोलपत्र खरिद गर्न बोलपत्रदाता स्वयम् उपस्थित हुननसकेमा मञ्जुरी नामाबाट पनि खरिद गर्न सकिने छ। तर त्यस्तो मञ्जुरीनामा (निवेदन) एक फर्म एक व्यक्तिलाई मात्र मान्य हुने छ।

३) खरिद गरिएको बोलपत्रका महलहरु भरी प्रत्येक पानामा सहीछाप गरी ३०औं दिनको १२.०० बजे भित्र वा सो दिन विदा पर्न गएमा त्यसको भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिनको १२ बजे भित्र यस विद्यालयको प्रशासन शाखामा आई बोलपत्र दर्ता गराउन सकिने छ। यसरी दर्ता हुन आएको बोलपत्रहरु सूचना प्रकासन भएको मितिले ३१औं, दिनको २.०० बजे विद्यालयमा बोलपत्रदाता वा निजका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा प्रतिनिधिहरु उक्त दिन र समयमा उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४) बोलपत्र पेशगर्दा बोलपत्र जमानत बापत बोल रकमको १.५० श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालयको राष्ट्रिय बाणिज्य बैंक अमरसिंहचोक शाखामा प्रकारण १ मा उल्लेख भएको खाता नम्बरमा जम्मा गरी सक्कल भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ।

५) दर्ता गर्न ल्याउदा बोलपत्रको खामको शीरमा "बोलपत्र पेश गर्न चाहेको सामानको नामको बोलपत्र" भनी लेखी बोलपत्रदाताको नाम, ठेगाना र फोन नम्बर भएमा सो समेत प्रष्ट संग लेखी विद्यालयमा बुझाउनुपर्ने छ।

६) बोलपत्रदाताले आफुले कबुल गरेको दररेट अंक र अक्षरमा केरमेट नगरी प्रष्टसंग लेखेको हुनुपर्ने छ। अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइने छ।

७) नेपाल सरकारलाई तिर्नुपर्ने सबै प्रकारका कर बोलपत्रदाता स्वयम्ले तिर्नुपर्ने छ।

८) आपूर्ति गर्ने सामान गुणस्तर युक्त भए नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गराइनेछ।

९) बोलपत्र पेश गर्ने कम्पनी, फर्म वा एजेण्टले आफूले आपूर्ति गर्नुपर्ने सामान श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय, पोखरा मा न पा-१४ कास्कीमा नै आपूर्ति गर्नुपर्नेछ।

१०) प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस विद्यालयमा सुरक्षित रहने छ। रीत नपुगेको, म्यादनाघी आएको र शर्त राखिएका बोलपत्र उपर कुनै कार्वाही गरिने छैन।

११) यस सम्बन्धी अन्य कुनै जानकारी चाहिएमा कार्यालय समय भित्र **श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय पोखरा म.न.पा–१४,कास्की, फोन नं.** ९८४६१४७६३६ र ९८५६०४१९९५ मा सम्पर्क गर्न सक्नुहुनेछ।

**विस्तृत जानकारीका लागि सम्पर्कः**

**श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय**
**पोखरा–१४, कास्की**
**सम्पर्क नं. ९८४६१४७६३६ वा ९८५६०४१९९५**



## विमा लेख हरायो

**यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।**
**नामः परवोज आलम**
**विमा लेख नं. ULI ४०९००००११५**
**सम्पर्क : यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
**शाखा कार्यालय पोखरा**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक श्रद्धाञ्जली



**जन्मः** २०२०/०६/२० गते

**स्व. चन्द्र बहादुर सुनार**

**स्वर्गारोहणः** २०८०/०४/१३ गते

अन्नपूर्ण गा.पा. वाड नं.–२ निवासी हाम्रा पुजनीय बाबा/हजुरबुबा **चन्द्र बहादुर सुनार** को ६० वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

**छोराः** राजु सुनार
सन्तोष सुनार
**छोरीः** सविता सुनार
**नातिः** सम्राट वि. क.

**बुहारीः** तिजु सुनार
**नातिः** आयूष सुनार
अनुभव सुनार